# घ्याङलेख गाउँपालिका

# सिन्धुली

# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

घ्याङलेख गाउँपालिकाको सिमाबलोकन नक्सा




## आ.व.२०७७।०७८

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हायुटार,सिन्धुली

वागमती प्रदेश,नेपाल

## हाम्रो भनाई

आर्थिक वर्ष २०७७/७८ मा साक्षर नेपाल घोषण गर्ने, विद्यालय उमेर समूह सबै वालवालिकालाई शैक्षिक पहुँचको सुनिश्चितता गर्ने विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्रका रुपमा विकास गर्ने, सार्वजनिक विद्यालय सवलिकरण दशक २०७६-८५ कार्यान्वयन जस्ता नीति तथा कार्यक्रम  सो अनुसार बजेट वक्तव्यमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, प्रविधिमा आधारित शिक्षा व्यवस्था, बाल विकासदेखि कक्षा ५ सम्म बाललालिकाहरुका लागि दिवा खाजा व्यवस्था कक्षा ६-१२ सम्म निःशुल्क सेनेटरी प्याड व्यवस्था जस्ता कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएको छ। आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापनका जिम्मेवारी स्थानीय तहमा रहने संवैधानिक व्यवस्था अनुरुप चालु आ.व.को शैक्षिक कार्यक्रम सञ्चालनका लागि स्थानीय तहका लागि ससर्त अनुदान अन्तर्गत स्थानीय तहका लागि सामुदायिक विद्यालय तहको स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षक कर्मचारीको तलब भत्ता, पाठ्यपुस्तक, विद्यालय सञ्चालन मसलन्द, प्रतिविद्यार्थी लागत अनुदान, छात्रवृत्ति, विद्यालय भौतिक सुविधा विस्तार, सार्वजनिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड व्यवस्थापन लगायत अधिकांश शैक्षिक कार्यक्रम बजेट विद्यालयमा उपलब्ध गराइएको छ ।

त्यसै गरी प्रदेश शसर्त अनुदान तर्फ एक विद्यालय एक नर्स ,टुहुरा भत्ता र वालविकासमा कार्यरत कर्मचारीका लागि प्रोत्साहन अनुदान आदि प्रत्यक्ष लाभ लिने वजेट व्यवस्था गरिएको छ । भने स्थानीय तहले पनि संघिय,प्रदेश तर्फबाट समेट्न नसकिएका कार्यक्रमलाई प्राथमिकता दिई केहि कार्यक्रम साझेदारमा अगाडी वढाएको छ । जस्तो कि सवै प्रकारका विद्यालय कर्मचारीलाई प्रति व्यक्ति २०००।० का दरले प्रोत्साहन र विद्यालय जनशक्ति अभावलाई परिपुर्ति गर्न प्राथमिकतह,निम्न माध्यमिक तह र माध्यमिक तहका लागि आधारभुत जनशक्ति व्यवस्थापनमा विशेष चासो रखेका छन । उल्लेखित कार्यक्रमहरुको वास्तविक रुपरेखा जस्ताको त्यस्तै प्रस्तुत गर्ने जमर्को गरेको छु ।

**धन्यवाद ।**

## विषयसूची

हाम्रो भनाई

विषयसूची

कार्यकारी सारांश

परिच्छेद १

१.१ शैक्षिक स्थिति प्रतिवेदनको पृष्ठभुमी ५

१.२ शैक्षिक स्थिति प्रतिवेदनको उद्देश्य ५

१.३ शैक्षिक स्थिति प्रतिवेदन निर्माण प्रक्रिया ५

१.४ शैक्षिक स्थिति प्रतिवेदन तयारीको क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरु ६

परिच्छेद २

२.१ साक्षरताको स्थिति : ६

२.२ शिक्षण संस्थाहरुको संख्यात्मक विवरण ६

२.२.१ विद्यालयको विवरण ६-७

२.२.२ शैक्षिक झलक -विद्यार्थी तथा शिक्षक) तथा जनशक्ति व्यवस्थापन ७

२.२.३ सामुदायिक सिकाई केन्द्र सम्वन्धि विवरण ७-८

२.३ विद्यार्थी विवरण -कक्षागत सामुदायिक र संस्थागत ८-९

२.४ भौतिक तथा पूर्वधारको अवस्था -भवन,कक्षाकोठा,शौचालय,प्रयोगशाला,पुस्तकालय,स्कुल वस आदि) ९

२.४.१ भौतिक तथा पुर्वधारको अवस्था ९

२.४.२ भौतिक तथा पुर्वधारको अवस्था ९-१०

२.४ विद्यालय शिक्षाका शैक्षिक सूचकहरु : विगत ३ वर्ष देखि १०

२.४.१ विद्यालयको प्राज्ञिक पक्ष तथा प्रशासनिक कामको प्रगति विवरण १०-११

२.४.२ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था : ११-१२

## परिच्छेद ३

## कार्यक्रम कार्यन्वयनको भौतिक तथा वित्तिय प्रगति

३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था : संघीय वजेट १२

३.२ वजेट उपशिर्षक अनुसार वजेट तथा खर्चका अवस्था -भौतिक लक्ष्य र प्रगति सहित ) १३-१४

३.३ कार्यकम कार्यन्वयनका मुख्य समस्या तथा चुनौती १५

## परिच्छेद ४

## उपलब्धि तथा कार्यक्रम विस्तृतिकरण

४.१ संघीय शसर्त तर्फको प्रगति तथा उपलब्धि १५-१६

४.२ प्रदेश शसर्त तर्फको प्रगति तथा उपलब्धि १७

४.३ गाउँपालिका अनुदान शसर्त तर्फको प्रगति तथा उपलब्धि १८-१९

## परिच्छेद ५

## असल अभ्यास ,प्रमुख उपलब्धि,चुनौती तथा समधानका उपायहरु

५.१ असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यकमहरु २३

५.२ समग्र कार्यकमको प्रमुख उपलब्धि २३

५.३ चुनौती तथा समधानका लागि गरिएका प्रमुख प्रयासहरु २४

## परिच्छेद ६

६.१ अनुसूचीहरु २४

सन्दर्भ सामग्रीहरु २५

# मन्तव्य

घ्याङलेख गाउँपालिकाको शाखागत लगानीको हिसावले पुर्वधार पछि दोस्रो लगानीको क्षेत्र शिक्षामा छ । शिक्षाको गुणस्तर उठान गर्न भनि जनशक्ति व्यवस्थापन स्रोतले समेट्न सकेजति समेट्न खोजेको छ । तैपनि जनशक्ति अभाव देखिन्छ । यस पालिकाले शिक्षामा सवैको पहुचको लागि छात्रवृत्ति लाई अघि सारेको छ भने स्नातक अध्ययन गर्न महिलाको पहुच वृद्धि गर्नका लागि वजेट नीतिमा समेत **"घ्याङलेखको छहारी शिक्षित छोरी वुहारी"** जस्ता नारा अघि सारेका छन ।

कार्नोइको सन १९७७ मा शिक्षामा लगानी गरे श्रम वजारको रुद्रघण्टी खुल्छ । त्यसैगरि लगानीले काममा प्रतिस्पर्धा जन्माउछ । तर हाम्रा भूत विद्यार्थीहरुले काममा प्रतिस्पर्धा गरेनन् । वरु शिक्षाले काम दिनुपर्छ भन्ने मान्यता वोकिरहे । विद्यालयलाई वेरोजगारी उत्पादन गर्ने कारखाना हो भनि निर्जीव संस्थाले दोष पाइरहे । अधिकारीहरु लाचार भई खप्की खाईरहे । लगानीकर्ता दाँत ङिच्याउदै लगानी गरिरहे । वजार र पढाई विचको नाता खोज्न प्रयास नभएकै हो । गुणस्तरीय शिक्षा सवैको रटान भयो । रैथाने सिप र प्रविधिलाई बेवास्त गरियो । सफल मानिसले त्यहि काम फरक तरिकाले गरेर सफलता हासिल गरे । आर्जेको ज्ञान पोको पारी राख्ने प्रवृतिले कोभिड १९ को वेला साथीसाथी,अग्रज,पारिवारीक ,अन्तरपरिवार वीच संवाद ठप्प रह्यो । विद्यालय परिवार,बजेट,स्थानीय तह त्रिखुट्टीरुपी धरमरिए मतैक्यता ल्याउने र आउने प्रयासमा सुस्तपन देखियो । कितावबाट सिक्न पुस्तक चाहिन्छ । अनुभबबाट सिक्न छलफल गर्ने चौतारी चाहिन्छ । त्यसका लागि शिक्षकका दर्जा भिरिएका व्यक्तित्वले सिकाई सहजीकरण गर्न वाधा ठानीरहे यस्तो अवस्थामा शिक्षा सेवामा रहेका पढाउन नसकेर थन्किएका कहि शिक्षक ,पढाउन पाएपनि नपढाएका केहि शिक्षकलाई सेवाबाट नलखटे दिलोज्यान दिइ खट्ने शिक्षकको कार्यसम्पादन तथा समग्र शिक्षा प्रणाली धुलिन्छ ।

जे जसो भएपनि घ्याङलेख गाउँपालिकाले सुस्त प्रशासनलाई चुस्त प्रशासन वनाउने सूचक तयार गरी शिक्षा क्षेत्रका कार्यक्रम तथा साझा लक्ष्य गुणस्तर सुदृढ गर्न सम्वन्धित शाखाको भुमिका मात्रा पर्याप्त नहुने भएकोले विगतमा झै निरन्तर अध्यक्ष ,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाबाट लगानी ,प्रक्रिया र उत्पादन बीचको नाता खोज्ने काममा अझ प्राथमिकताका साथ लाग्नाले शिक्षा क्षेत्रको वाँकी पक्ष **स्वत: वदलिन्छ** र आ.व.२०७७।०७८ भन्दा २०७८।०७९ मा प्रगतिमा थप इट्टाको काम गर्ने देखिन्छ ।

**सुरेन्द्र कुमार स्याङ्तान**

**अधिकृत,छैटौ,शिक्षा प्रशासन**

**घ्याङलेख गाउँपालिका,सिन्धुली**

**वागमती प्रदेश ,नेपाल**

**घ्याङलेख गाउँपालिका**

**सिन्धुली**

**वार्षिक शैक्षिक स्थीति प्रतिवेदन**

**परिच्छेद -१**

**१.१ शैक्षिक स्थिति प्रतिवेदनको पृष्ठभूमी :**

सिन्धुली जिल्लाको दुर्गम मानिएका सुदुर वा कर्णालीको संज्ञा दिएका यस स्थानीय तहले शिक्षा क्षेत्र तथा सामाजिक जागरणमा वामे सरेको अवस्था स्पष्ट छ । शिक्षा अन्तर्गत शसर्त तर्फवाट रु. ७८५४८०००।० र प्रदेश तर्फबाट रु. १९७५०००।० र स्थानीय तहबाट रु. ९९५००००।० गरी जम्मा रु. ९०४७३०००।० विनियोजन भएको थियो ।यस गाउँपालिकामा ३६ ओटा सामुदायिक विद्यालय , एक संस्थागत विद्यालय र सवै वडामा १/१ ओटा सामुदायिक सिकाई केन्द्र रहेका छन । कुल कार्यरत मध्ये प्रा.वि.स्थायी २९ जना अस्थायी दरवन्दी १० जना र राहत ४७ गरि कुल ८६ जना प्रा.वि.को दरवन्दी ,नि.मा.वि. तर्फ स्थायी ७ जना अस्थायी दरवन्दी १ जना र राहत ५ गरि कुल १३ जना त्यसैगरी मा.वि.तर्फ +२ अनुदान ६ मा.वि. स्थायी ३ जना अस्थायी दरवन्दी ३ जना र राहत ६ गरि कुल १८ जना गरि समग्रमा ११७ जन शिक्षक दरवन्दी रहेकोमा यस गाउँपालिका भित्र २०७७ को IEMIS तथ्याङ्क अनुसार कक्षा (०-१२) सम्म जम्मा ४१९५ जना विद्यार्थी अध्ययनरत छन । विद्यार्थी शिक्षक अनुपात अनुरुप गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतवाट २६ जना शिक्षक र ३ जना वाल विकास सहजकर्ताको रुपमा जनशक्ति व्यवस्थापन समेत गरी गुणस्तरीय शिक्षाका लागि थप इट्टा राख्ने भुमिका खेलेको देखिन्छ ।

**१.२ शैक्षिक स्थिति प्रतिवेदनको उद्देश्य :** यस प्रतिवेदनबाट घ्याङलेख गाउँपालिकाको देहायको अवस्था पहिचान गर्न सक्नेछन ।

१। शिक्षा क्षेत्रको समग्र वजेट थाह पाउनु ।
२। विनियोजित वजेटबाट शिक्षाको भौतिक लक्ष्य र प्रगतिवारे स्षष्ट वोध हुनु ।
३। आगामी वजेट निर्माणको लागि कार्यदिशा दिनु ।

**१.३ शैक्षिक स्थिति प्रतिवेदन निर्माण प्रक्रिया :** तथ्याङ्क संकलनका प्राथमिक तथा द्धितीय दुवै स्रोतको उपयोग गरेको छु ।

१। प्राथमिक स्रोत : प्रत्यक्ष सोधपुछ ,प्रश्नोत्तर
२। द्धितीय स्रोत : निकासा गर्दा राखिएको टिप्पणी आदेश तथा प्राथमिक स्रोत : प्रत्यक्ष सोधपुछ ,प्रश्नोत्तर गरेर निकासाको तथ्याङ्क पत्ता लागाएको ।

३। द्वितीय स्रोत : निकासा गर्दा राखिएको टिप्पणी आदेश तथा Excell sheet ,IEMIS तथा शिक्षकको दरवन्दी तथा तह खुल्ने गरी राखिएका कागजात तथा अन्य कागजातबाट विद्यालयको समग्र पक्षको जानकारी लियो ।

**१.४ शैक्षिक स्थिति प्रतिवेदन तयारीको क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरु :** देहायअनुसार छन ।

१। वार्षिक वजेट कार्यक्रम ,वजेट किताव ,विद्यालय सुधार योजना,शिक्षा संग सम्वन्धित शाखागत सूचनाका सामाग्रीहरु ,

२। सामाजिक परीक्षण , IEMIS का तथ्याङ्क ,

## परिच्छेद -२

### २.१ साक्षरताको स्थिति :

**सिन्धुलीलाई मिति २०७४असाढ २४ गते प्रमुख शिक्षा अधिकारी केदारकुमार गिरीको** पालामा ३६ औ साक्षर जिल्ला घोषण गरिरहदा यस जिल्लामा रहेका ४२ ओटा सामुदायिक सिकाई केन्द्रले साक्षरता कक्षा सञ्चालन गरी पुरुष ९८.९७% र महिला ९९.२१% साक्षरता भएको अवस्था फेसवुक पेज **शैक्षिक सूचना तथा सामान्य ज्ञान मा अभिलेख** भेट्न सकिन्छ। सोही अवस्थावाट नजर अन्दाज गर्दा यस पालिकामा ९०% भन्दा वढी साक्षरता तुलना गर्न सकिन्छ । **सिन्धुली जिल्लाको वस्तुगत विवरण २०७४** (भुकम्प प्रभावित आवास पुन निर्माण लगत संकलन कार्यक्रम २०७४,केन्द्रिय तथ्याङ्क विभाग)मा कुल जनसंख्या १३६५९ जनामा २०.०९% निरक्षर रहेको अभिलेख छ । तर हालै यस पालिकाले वनाएको "**घ्याङलेख Village Profile –२०७७**" मा कुल १७३०३ जना जनसंख्या र त्यसमा २४७९ जना (१४.३३%) निरक्षर रहेको तथ्याङ्क सार्वजनिक गरेका छन ।

### २.२ शिक्षण संस्थाहरुको संख्यात्मक विवरण :

### २.२.१ विद्यालयहरुको विवरण :

**तालिका नं -१**

| स्थानीय तहको नाम. | वडा नं. | तहगत विद्यालय संख्या | | | | जम्मा विद्यालय सख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | | |
| | १ | ६ | १ | - | १ | ८ | |
| | २ | ३ | १ | - | १ | ५ | |
| | ३ | ५ | - | १ | - | ६ | |
| | ४ | ६ | - | १ | - | ७ | |
| | ५ | ८ | १ | - | १ | १० | |
| | | २८ | ३ | ५ | | ३६ | |
| | | १ | - | - | | १ | संस्थागत |
| जम्मा विद्यालय | | | | | | ३७ | |

स्रोत : शिक्षा शाखाको अभिलेख २०७७

## २.२.२. शैक्षिक झलक (विद्यार्थी तथा शिक्षक) तथा जनशक्ति व्यवस्थापन :

## तालिका नं -२

गाउँ कार्यपालिकाको कार्यालय

हायुटार ,सिन्धुली

गाउँपालिका स्तरीय शिक्षक विद्यार्थी झलक २०७७

| वडा नं | जम्मा विद्यालय संख्या | | | वाल विकास | | | जम्मा विद्यार्थी (१-५) | | | | स्वीकृत दरवन्दी शिक्षक ३२ विद्यालय | | | गा.पा. अनुदान शिक्षक १२ विद्यालय | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | शिक्षक सं | गा.पा. अनुदान | विद्यार्थी सं | छात्रा | छात्र | जम्मा | जम्म विद्यार्थी (०-१२) | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | प्रा. | नि. | मा. | जम्मा शिक्षक | शिक्षक विद्यार्थी अनुपात | |
| १ | ८ | ० | ८ | ७ | ० | ४७ | ३०३ | २९२ | ५९५ | ६४२ | १० | १७ | २७ | २ | ३ | ५ | ३ | १ | १ | ३२ | १८६ | |
| २ | ५ | १ | ६ | ३ | ० | ५० | ४३४ | ३७४ | ८०८ | ८५८ | ६ | १७ | २३ | २ | ४ | ६ | ४ | १ | १ | २९ | २७९ | |
| ३ | ६ | ० | ६ | ४ | ० | ८९ | ३१८ | ३३४ | ६५२ | ७४१ | १० | ७ | १७ | ३ | १ | ४ | २ | १ | १ | २१ | ३१ | |
| ४ | ७ | ० | ७ | ५ | २ | ९५ | २९७ | २७८ | ५७५ | ६७० | ६ | १३ | १९ | १ | ३ | ४ | २ | १ | १ | २३ | २५ | |
| ५ | १० | ० | १० | ५ | १ | १०४ | ५३२ | ५६० | १०९२ | ११९६ | ६ | २५ | ३१ | २ | ५ | ७ | ४ | २ | १ | ३८ | २८७ | |
| **जम्मा** | **३६** | **१** | **३७** | **२४** | **३** | **३८५** | **१८८४** | **१८३८** | **३७२२** | **४१०७** | **३८** | **७९** | **११७** | **१०** | **१६** | **२६** | **१५** | **६** | **५** | **१४३** | **२६** | |

| | | |
|---|---|---|
| लैङ्गिक अनुपात विद्यार्थी | **1.03** | प्रति छात्रा |
| लैङ्गिक अनुपात शिक्षक | 1.98 | प्रति शिक्षिक |

| शिक्षक प्रकार | दर | संख्या | मासिक जम्मा | दर | वार्षिक जम्मा |
|---|---|---|---|---|---|
| मा.वि.गा.पा.तलव भत्ता दर : | २०००० | ५ | १००००० | १३ | १३००००० |
| नि.मा..वि.गा.पा.तलव भत्ता दर : | १३००० | ६ | ७८००० | १३ | १०१४००० |
| प्रा वि.गा.पा.तलव भत्ता दर : | १०००० | १५ | १५०००० | १३ | १९५०००० |
| वालविकास सहजकर्ता तलव भत्ता दर : | ८००० | ३ | २४००० | १३ | ३१२००० |
| जम्मा | | | | | ४५७६००० |

शिक्षा शाखा

| मिति : | 2078 | 3 | 17 |
|---|---|---|---|

स्रोत : शिक्षा शाखाको अभिलेख २०७७

## २.२.३. सामुदायिक सिकाई केन्द्र सम्वन्धि विवरण :

## तालिका नं -३

| क. स. | सामुदायिक सिकाई केन्द्रहरुको नाम | ठेगाना | परिचालिका | अध्यक्ष | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | शान्तेश्वरी सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-५,शान्तेश्वरी | सरिता कु.श्रेष्ठ | नारायण कुमार श्रेष्ठ | ९८८०१३४५५० |
| ३ | नेत्रकाली सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-४,नेत्रकाली | अन्जली वल | नर वहादुर वल | ९६२११८१३७२ |
| ३ | तामाजोर सामुदायिक सिकाई केन्द | घ्याङलेख-३,नेत्रकाली | सन्दिका धोङ | गण व.स्याङ्तान | ९७४४०२९८१३ |
| ४ | वस्तिपुर सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-२,वस्तिपुर | मालती सुनुवार | नवराज सुनुवार | ९६१४७६६२९८ |
| ५ | अमले सामुदायिक सिकाई केन्द्र | घ्याङलेख-१,अमले | सविना घिमिरे | नविन कुमार सुनुवार | ९८६४२१२१२२ |

स्रोत : शिक्षा शाखाको अभिलेख २०७७

## २.३ विद्यार्थी विवरण (कक्षागत सामुदायिक र संस्थागत ):

## तालिका नं -४

| School Year: 2077 | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| P\|D\|LL\|S | | 0 | G1-5 | | | G6-8 | | | G9-10 | | | G11-12 | | |
| Code | Name | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 002 | Ghanglekh Gaunpalika | 414 | 844 | 912 | 1756 | 498 | 467 | 965 | 252 | 257 | 509 | 154 | 100 | 254 |
| 200010001 | Ma V Amale | 8 | 29 | 29 | 58 | 69 | 71 | 140 | 58 | 31 | 89 | 27 | 15 | 42 |
| 200010002 | Adharbhut Vidyalaya Tunibhanjyang | 11 | 36 | 44 | 80 | 11 | 8 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200010003 | Pancha Kanya Pra V Chharchhare | 0 | 0 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200010004 | Ganesh Pra V Rangechaur | 11 | 20 | 32 | 52 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200010005 | Saraswati Pra V Sukachuri | 0 | 27 | 22 | 49 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200010006 | Pra V Patabas | 6 | 8 | 12 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200010007 | Pra V Bachhiutar | 4 | 15 | 18 | 33 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200010008 | Pra V Devistan Bhanjyang | 7 | 3 | 8 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200060001 | Kanya Pra V Kerabari Salle | 0 | 25 | 23 | 48 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200060002 | Janapremi Pra V Kholagaun | 0 | 15 | 8 | 23 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200060003 | Janajagriti Pra V Bastipur | 9 | 23 | 21 | 44 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200060004 | Sharada Adharbhut Vidyalaya Bhainse | 13 | 24 | 52 | 76 | 42 | 21 | 63 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200060005 | Shree Secondary School Marin Hayutar | 28 | 89 | 71 | 160 | 112 | 89 | 201 | 55 | 61 | 116 | 49 | 28 | 77 |
| 200060006 | Nawadeep Academy | 48 | 14 | 26 | 40 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370001 | Pra V Belbot | 17 | 34 | 34 | 68 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370002 | Thakursthan Pra V | 21 | 31 | 23 | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370003 | Janajagriti Secondary School Gope | 14 | 84 | 68 | 152 | 52 | 54 | 106 | 20 | 34 | 54 | 0 | 0 | 0 |
| 200370004 | Netrakali Pra V Bandipur | 25 | 28 | 32 | 60 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370005 | Siddhartha Pra V Aahale | 0 | 12 | 7 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370006 | Laxmi Pra V Bhotthum | 8 | 19 | 13 | 32 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370008 | Pematasi Pra V Chaukidanda | 10 | 17 | 13 | 30 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200370009 | Bal Jyoti Pra V Matikhani | 19 | 4 | 2 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450001 | Mahendrodaya Pra V Garke | 17 | 29 | 33 | 62 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450002 | Bhanu Pra V Singpal | 9 | 29 | 33 | 62 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450003 | Shahi Thakur Pra V | 3 | 6 | 11 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450004 | Ganesh Pra V Rangcha | 0 | 5 | 4 | 9 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450005 | Adharbhut Vidyalaya Gothdanda Chainpur | 21 | 23 | 41 | 64 | 36 | 53 | 89 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450006 | Netra Kali Ma V Aapdanda Rampur | 35 | 90 | 83 | 173 | 105 | 105 | 210 | 88 | 92 | 180 | 78 | 57 | 135 |
| 200450007 | Santeshwari Pra V Rampur Bhanjyang | 0 | 17 | 18 | 35 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450008 | Bageshwori Pra V Baghkhor | 0 | 15 | 15 | 30 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200450009 | Janapremi Pra V Budhumchuli | 0 | 7 | 13 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200500001 | Pra V Koltar | 29 | 47 | 49 | 96 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200500002 | Jana Premi Pra V. solabhyangyang | 25 | 31 | 34 | 65 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200500003 | Pra V Lapsebhyang | 18 | 38 | 41 | 79 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200500004 | Saraswati Pra V Aarubot | 0 | 11 | 12 | 23 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 200500005 | Netrakali Ma V Tamajor | 17 | 70 | 78 | 148 | 71 | 66 | 137 | 31 | 39 | 70 | 0 | 0 | 0 |
| 200500006 | Suryodaya Pra V Panchaghare | 0 | 19 | 15 | 34 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | | 433 | 994 | 1040 | 2034 | 498 | 467 | 965 | 252 | 257 | 509 | 154 | 100 | 254 |
| | Total Student | 4195 | | | | | | | | | | | | |

स्रोत : IEMIS Excell Sheet. 2077

## २.३.१ विद्यार्थी विवरण (कक्षागत सामुदायिक संस्थागत ):

## तालिका नं -५

| वडा नं. | विद्यालयको संख्या, किसिम र कक्षा तह | | | शिक्षक संख्या | | छात्र/छात्रा संख्या | | जम्मा विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | सामुदायिक /संस्थागत | आधारभूत/ माध्यमिक र संचालित कक्षा तह | महिला | पुरुष | छात्रा | छात्र | | |
| | ७ | | आधारभूत | १० | १३ | २१८ | २४६ | | |
| | ० | | मा.वि. | ० | ३ | ५८ | ३१ | | |
| १ | १ | | उ.मा.वि. | ० | २ | २७ | १५ | ५९५ | |
| | ४ | १ | आधारभूत | ५ | १३ | ३३० | २८५ | | |
| | ० | | मा.वि. | ० | ३ | ५५ | ६१ | | |
| २ | १ | | उ.मा.वि. | १ | १ | ४९ | २८ | ८०८ | |
| | ५ | | आधारभूत | १० | ६ | २८७ | २९५ | | |
| | १ | | मा.वि. | ० | १ | ३१ | ३९ | | **वाल विकास तथा संस्थागत विद्यालयको विद्यार्थी वाहेक** |
| ३ | ० | | उ.मा.वि. | ० | ० | ० | ० | ६५२ | |
| | ६ | | आधारभूत | ६ | १३ | २७७ | २४४ | | |
| | ० | | मा.वि. | ० | ० | २० | ३४ | | |
| ४ | १ | | उ.मा.वि. | ० | ० | ० | ० | ५७५ | |
| | ९ | | आधारभूत | ५ | १८ | ३६६ | ४११ | | |
| | ० | | मा.वि. | ० | ५ | ८८ | ९२ | | |
| ५ | १ | | उ.मा.वि. | ० | २ | ७८ | ५७ | १०९२ | |
| | | | जम्मा | ३७ | ८० | १८८४ | १८३८ | ३७२२ | |

स्रोत : शिक्षा शाखा अभिलेख तथा IEMIS तथ्याङ्क २०७७

## **२.४ भौतिक तथा पूर्वाधारको अवस्था -भवन ,कक्षाकोठा,शौचालय,प्रयोगशाला,पुस्तकालय,स्कुल वस)आदि :**

**२.४.१ भौतिक तथा पूर्वाधारको अवस्था :** प्रा.वि. वुदुमचुली घ्याङलेख -५ ,वुदुमचुली,सिन्धुली -आकाश नै भवनको छाना हो ?




## **२.४.२ भौतिक तथा पूर्वाधारको अवस्था**

## तालिका नं -६

| क.स | विद्यालय कोड | विद्यालयको नाम | विद्यालयको भौतिक तथा पूर्वाधारको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भवन | कक्षाकोठा | शौचालय | विज्ञान प्रयोगशाला | पुस्तकालय | कम्प्युट्र प्रयोगशाला | स्कुल वस | कैफियत |
| १ | २०००६०००५ | मावि मरीण हायुटार | छ | छ | छ | छैन | छैन | छ | छैन | |
| २ | २००४५०००६ | नेत्रकाली मावि आँपडाँडा, रामपुर | छ | छ | छ | छैन | छ | छैन | छैन | |
| ३ | २०००१०००१ | मावि अमले | छ | छ | छ | छ | छैन | छ | छैन | |
| ४ | २००५००००५ | नेत्रकाली मावि तामाजोर | छ | छ | छ | छैन | छैन | छ | छैन | |
| ५ | २००३७०००३ | जनजागृति निमावि गोपे | छ | छ | छ | छ | छैन | छैन | छैन | |
| ६ | २००४५०००५ | निमावि गोठडाँडा चैनपुर | छ | छ | छ | छैन | छैन | छ | छैन | |
| ७ | २०००६०००४ | शारदा निमावि भैसे | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ८ | २०००१०००२ | निमावि टुनीभञ्ज्याङ्ग | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ९ | २००४५०००१ | महेन्द्रोदय प्रावि रामपुर गर्के | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १० | २००५०००३ | प्रावि लप्सेभञ्ज्याङ्ग | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ११ | २०००१०००४ | गणेश प्रावि राँगेचौर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १२ | २०००१०००५ | सरस्वती प्रावि सुकाचुरी | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १३ | २०००६०००३ | जनजागृत प्रावि बस्तीपुर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १४ | २००५००००२ | जनप्रेमी प्रावि सोलाभञ्ज्याङ्ग | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १५ | २०००१०००६ | प्रा.वि. पटबाँस | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १६ | २००३७०००२ | ठाकुरथान प्रावि शीखरपुर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १७ | २०००६०००१ | कन्या प्रावि केरावारी सल्ले | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १८ | २००५००००१ | प्रावि कोल्टार | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| १९ | २००३७०००१ | प्रावि वेलवोट | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २० | २०००१०००७ | प्रावि बच्छ्युटार | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २१ | २००३७०००४ | नेत्रकाली प्रावि वन्दीपुर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २२ | २००४५०००२ | भानु प्रावि सिंगपाल | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २३ | २००३७०००६ | लक्ष्मी प्रावि भोटथुम | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २४ | २००४५०००७ | शान्तेश्वरी प्रावि रामपुर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २५ | २०००६०००२ | जनप्रेमी प्रावि खोलागाउँ | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २६ | २००४५०००३ | शाहीठाकुर प्रावि रातु चैनपुर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २७ | २०००१०००३ | पञ्चकन्या प्रावि छरछरे | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २८ | २००५००००४ | सरस्वती प्रावि आरुवोट | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| २९ | २००४५०००४ | गणेश प्रावि राङचा | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ३० | २००४५०००८ | बागेश्वरी प्रावि वागखोर | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ३१ | २००३७०००५ | सिद्धार्थ प्रावि आहाले | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ३२ | २०००१०००८ | प्रावि देवीस्थानभञ्ज्याङ्ग | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ३३ | २००३७०००८ | पेमाटासी प्रावि चौकीडाँडा | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ३४ | २००५००००६ | सुर्योदय प्रावि पाँचघरे | छ | छ | छ | छैन | छैन | छैन | छैन | |
| ३५ | २००४५०००९ | जनप्रेमी प्रावि बुधुमचुली | छैन | छैन | छ | छैन | छैन | छैन | छैन | नाजुक अवस्था |
| ३६ | २००४५००१० | बाल ज्योती प्रावि माटोखानी | छ | छ | छ | छैन | छैन | छैन | छैन | |

स्रोत : शिक्षा शाखाको अभिलेख २०७७

## २.४. विद्यालय शिक्षाका शैक्षिक सूचकहरु : विगत ३ वर्ष देखि :

यस पालिकामा गाउँशिक्षा योजना वनाउन वजेट विनियोजन भएकोमा कार्यन्वयनमा ल्याउन सकेन तर अहिले विगत देखि शिक्षा सम्वन्धी केहि Authentic Document नवनेको अवस्थामा यहि वर्षबाट Village profile वनेसकेको अवस्थामा शिक्षा प्रोफाईल तथ्याङ्क प्रविष्टिको चरणमा पुगेको छ ।त्यसै गरी विद्यालयले वित्तिय अनुशासनका पक्षलाई वढावा दिएको केहि विद्यालयले भने अझै ढिलासुस्ति तथा कुशल नेतृत्व अभावले नभ्याएको प्रतिक्रया छ ।

## २.४.१ विद्यालयले प्राज्ञिक पक्ष तथा प्रशासनिक कामको प्रगति विवरण

आ.व.२०७६।०७७ शिक्षामा वेरुजु प्रदेश तर्फ २४०००।०० र संघीय ससर्त वजेटमा ४०,००० को हाराहारीमा लगभग १% मात्र वेरुजु देखि सवै दाखिला गरिएको छ ।

## विद्यालयको अन्य विवरण तालिका नं -७

| क.स | विद्यालय कोड | विद्यालयको नाम | विद्यालयको शैक्षिक सूचकहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लेखापरीक्षण | अंग्रेजी माध्यममा शिक्षण कक्षा (०-१०) | सामाजिक परीक्षण | विद्यालय सुधार योजना | निशुल्क शिक्षाको प्रत्याभुति | TST अनुदान पाएका तर कार्यन्वयनको अवस्था | EGRP कार्याक्रम सहभागि अवस्था | कैफियत |
| १ | २०००६०००५ | मावि मरीण हायुटार | छ | छ | छ | छ | छ | छ | छ | |
| २ | २००४५०००६ | नेत्रकाली मावि आँपडाँडा, रामपुर | छ | छैन | छ | छैन | छ | छ | छ | |
| ३ | २०००१०००१ | मावि अमले | छ | छैन | छ | छ | छ | छ | छ | |
| ४ | २००५००००५ | नेत्रकाली मावि तामाजोर | छ | छैन | छ | छैन | छ | छ | छ | |
| ५ | २००३७०००३ | जनजागृति निमावि गोपे | छ | छैन | छ | छ | छ | छ | छ | |
| ६ | २००४५०००५ | निमावि गोठडाँडा चैनपुर | छ | छैन | छ | छ | छ | छ | छ | |
| ७ | २०००६०००४ | शारदा निमावि भैसे | छ | छैन | छैन | छ | छ | सामान्य | छ | |
| ८ | २०००१०००२ | निमावि टुनीभञ्ज्याङ्ग | छ | छैन | छ | छ | छ | सामान्य | छ | |
| ९ | २००४५०००१ | महेन्द्रोदय प्रावि रामपुर गर्के | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १० | २००५००००३ | प्रावि लप्सेभञ्ज्याङ्ग | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| ११ | २०००१०००४ | गणेश प्रावि राँगेचौर | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १२ | २०००१०००५ | सरस्वती प्रावि सुकाचुरी | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १३ | २०००६०००३ | जनजागृत प्रावि बस्तीपुर | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १४ | २००५००००२ | जनप्रेमी प्रावि सोलाभञ्ज्याङ्ग | छ | छैन | छ | छ | छ | सामान्य | छ | |
| १५ | २०००१०००६ | प्रा.वि. पटबाँस | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १६ | २००३७०००२ | ठाकुरथान प्रावि शीखरपुर | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १७ | २०००६०००१ | कन्या प्रावि केरावारी सल्ले | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १८ | २००५००००१ | प्रावि कोल्टार | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| १९ | २००३७०००१ | प्रावि वेलवोट | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २० | २०००१०००७ | प्रावि बच्छ्युटार | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २१ | २००३७०००४ | नेत्रकाली प्रावि वन्दीपुर | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २२ | २००४५०००२ | भानु प्रावि सिंग्पाल | छ | छैन | छ | छ | छ | सामान्य | छ | |
| २३ | २००३७०००६ | लक्ष्मी प्रावि भोटथुम | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २४ | २००४५०००७ | शान्तेश्वरी प्रावि रामपुर | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २५ | २०००६०००२ | जनप्रेमी प्रावि खोलागाउँ | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २६ | २००४५०००३ | शाहीठाकुर प्रावि रातु चैनपुर | छ | छैन | छ | छ | छ | सामान्य | छ | |
| २७ | २०००१०००३ | पञ्चकन्या प्रावि छरछरे | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २८ | २००५००००४ | सरस्वती प्रावि आरुवोट | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| २९ | २००४५०००४ | गणेश प्रावि राङचा | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| ३० | २००४५०००८ | बागेश्वरी प्रावि वागखोर | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| ३१ | २००३७०००५ | सिद्धार्थ प्रावि आहाले | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| ३२ | २०००१०००८ | प्रावि देवीस्थानभञ्ज्याङ्ग | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |
| ३३ | २००३७०००८ | पेमाटासी प्रावि चौकीडाँडा | छ | छैन | छ | छैन | छ | सामान्य | सामान्य | |
| ३४ | २००५००००६ | सुर्योदय प्रावि पाँचघरे | छ | छैन | छ | छैन | छ | सामान्य | सामान्य | |
| ३५ | २००४५०००९ | जनप्रेमी प्रावि बुधुमचुली | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | नाजुक अवस्था |
| ३६ | २००४५००१० | बाल ज्योती प्रावि माटोखानी | छ | छैन | छ | छ | छ | सामान्य | सामान्य | |

## २.४.२ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था :

## तालिका नं -८

| क.स. | दरवन्दी | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत छैटौं,शिक्षा सेवा | १ | |
| २ | कम्प्युटर अप्रेटर | १ | शिक्षा तर्फको प्राविधिक सहायक काजमा वडामा काम गरेको |
| | जम्मा | २ | |

**नोट** : शिक्षकलाई काजमा कार्यालयको काममा खटाउन दरवन्दी पर्‍याप्त नभएकोले विद्यालयमा समस्या आउने देखिएको विभागबाट पठाउनुपर्ने ४ ओटा नपुग प्रा.वि.दरवन्दी समेत हाल सम्म मिलान नगरिएको ।

## परिच्छेद ३

## कार्यक्रम कार्यन्वयनको भौतिक तथा वित्तीय प्रगति

### ३.१. शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था : संघीय वजेट

**तालिका नं -९**

**८०३२५५०२५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (ससर्त अनुदान )**

| | व.उ.सि.नं | कियाकलापको नाम | विनियोजित कुल रकम | प्रथम चौमासिक | प्रथम छुट | दोस्रो चौमासिक | दोस्रो छुट | चैत्र मासिक | तेस्रो चौमासिक (वैशाख असार) | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत | ४२१०००००p | १४०२२१७४९ | ४०००००p | ११४५३२२६९ | ६९५५४२८ | ४०५५९७४३ | ९३३७६७०८ | ३९९६४५८९७ |
| ३ | | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत | ९७०००००p | ३४९१५१५p | ०p | २८७३२०३६ | ०p | ९२९९८९८ | २१४२४२३p | ९४३७१३१४ |
| ४ | | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ५५७५०००p | १७६०८००p | ०p | १३५७९००p | ०p | ९६८५००p | १०७४९००p | ५१६२१००p |
| ६ | | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | ११०५०००p | ०p | ०p | ७८१५००p | ०p | ०p | ६६०००p | ८४७५००p |
| ७ | | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २०७७०००p | ०p | ०p | ०p | ०p | १५०६७३०६ | ५६३७८४८ | २०७१०१२३ |
| ८ | | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | ७७८०००p | ०p | ०p | ०p | ०p | ७२५१००p | ०p | ७२५१००p |
| ९ | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १५५८०००p | ०p | ०p | १३२५०००p | ०p | ०p | ४८०००p | १३७३०००p |
| १० | | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम | १००००००p | ०p | ०p | ४०००००p | ०p | ०p | ४१८६००p | ८१८६००p |
| ११ | | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४१६४०००p | ८०९२३५p | ०p | २३५८४९०p | ०p | ०p | ८२४१८४p | ३९९१९०९p |
| १२ | | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | १४०००००p | ०p | ०p | ०p | ०p | ०p | ०p | ०p |
| १३ | | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २२५५०००p | २५००००p | १३०००००p | ७२०००p | ३१२०००p | २०००००p | ०p | २१३४०००p |
| १५ | | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन (शैक्षिक कार्यक्रम) | ७९७०००p | ०p | ०p | ०p | ०p | ०p | ७८४६९१p | ७८४६९१p |
| २२ | | COVID-१९ बाट भएको शैक्षिक क्षति न्युनीकरण तथा विद्यार्थीको सिकाइ प्रवर्द्धन कार्यक्रम | २६९१०००p | ०p | ०p | २७५०१४p | २४०००p | ७८५०००p | १७८७५p | ११०१८८९p |
| २३ | | अंग्रेजी ,गणित ,र विज्ञानका विषयमा शिक्षण सहयोग अनुदान | ६४८०००p | ०p | ०p | ०p | ०p | ०p | ६४८०००p | ६४८०००p |
| | जम्मा | | ७५८४८०००p | २०३३३७२४९ | १७०००००p | २०८९६३३४५ | १०३१५४२८ | ९१७१२९४७ | १५९२६१२८६ | ६९०५९५२२४ |

**स्रोत : शिक्षा शाखाको निकासा अभिलेख २०७७**

## प्रदेश वजेट :

## तालिका नं -१०

| | व.उ.शि.नं. | कार्यक्रम | वजेट | प्रथम चौमासिक | छुट | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| बजेट उपशीर्षक : ८०३२५५०२५०२ - प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | | | | | |
| १ | २२५२९ | एक विद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता तथा विस्तार | १५६५००० p | १३६३०० p | ० p | २१५१८० p | २५३८०० p | ६०५२८० p | तलब भता मात्र हिसाव गरिएको |
